Economic National Daily आर्थिक राष्ट्रिय दैनिक

# व्यवसायीलाई जुजु धौको माग धान्ने चटारो

लक्ष्मी गारु
भक्तपुर, असार १४

मानो रोपेर मुरी फलाउन रोपाइँमा व्यस्त हुनुपर्ने असार महिना । हिलो माटोमा पौंठेजोरी खेल्दै लडीबुडी गर्दा हुने थकानमा पनि बेग्लै खालको आनन्दको अनुभूति हुने बेला हो, असार । यही असारको मध्य अर्थात् असार १५ रोपाइँ गर्दै हर्षोल्लासका साथ खुसी साटासाट गरी दहीचिउरा खाएर रोपाइँ महोत्सव मनाउने दिन पनि हो ।

सरकारले राष्ट्रिय 'धान दिवस'को रूपमा समेत मनाउन थालेपछि असार १५ को महत्वले अझ बढी व्यापकता पाएको छ । धानबाली नेपालको प्रमुख बाली हो । धानलाई मात्र अन्न मान्ने परम्परासमेत रहेको नेपालमा रोपाइँलाई एउटा पर्वकै रूपमा लिने गर्दछ । त्यसैले रोपाइँमा बाजागाजासहित गीत गाउने रोपाइँ सकेपछि भोज गर्ने प्रचलनसमेत रहेको छ ।

गाउँका मुखिया, काजी र ठूलाबडाले रोपाइँलाई ठूलो पर्वको रूपमा मनाउने नेपाली समाजमा अन्य साना किसानले समेत रोपाइँलाई पर्वको रूपमा मनाउन असार १५ मा दहीचिउरा खाने परम्पराको विकास भएको संस्कृतिकर्मीहरूको भनाइ छ । त्यसैले असार १५ मा दहीको माग अत्यधिक हुने गर्दछ ।

असार १५ को यही मागलाई धान्न भक्तपुरका दही व्यवसायीलाई अहिले चटारो परेको छ । भक्तपुर दही उपत्यका मात्र नभएर मुलुकबाहिरसमेत प्रख्यात छ । यहाँ उत्पादन हुने मौलिक र परम्परागत जुजु धौको स्वाद र गुणस्तरका कारण यो अत्यधिक लोकप्रिय रहेको छ । एक पटक यसको स्वाद चाखेको व्यक्तिले हत्तपत्त अन्य दही खान मन नपराउने भएकाले यसको माग उच्च छ ।

असार १५कै लागि साबिकको तुलनामा चार गुणा बढी जुजु धौ उत्पादन गर्नु परेको व्यवसायीहरू बताउँछन् । भक्तपुर नगरपालिका–२ ब्यासीस्थित आरएस जुजु धौ सप्लार्यसका रिना सुवालले असार १५ का लागि कम्तीमा पनि सात हजार लिटरको दही उत्पादन गरेको बताए । उनले अन्य दिन बढीमा दुई हजार लिटर दुधको जुजु धौ उत्पादन गर्दै आएको बताए ।

भक्तपुर नगरपालिका–३ वंशगोपालस्थित श्री बाराही जुजु धौ भण्डारका व्यवसायी राधेश्याम कर्माचार्यले असार १५ का लागि तीन दिनअघिदेखि जुजु धौ तयारी गरिरहेको बताए । असार १५ का लागि एक साताअघिदेखि जुजु धौको अर्डर आउने गरेको बताउँदै एक साता अघिदेखि दुध संकलन र आवश्यक भाँडाको जोहो गर्ने चटारो पर्नेगरेको बताऐ । उनका अनुसार जुजु धौका लागि कम्तीमा ५/६ प्रतिशत फ्याट भएको दुध आवश्यक हुन्छ तर बजारमा त्यति गुणस्तरको दुध पाउन मुस्किल हुने गर्दछ ।

भक्तपुरमा जुजु धौ व्यवसायी करिब डेढ सयका हाराहारीमा छन् । ती व्यवसायीले औसतमा दैनिक २५/३० हजार लिटर दुधको जुजु धौ उत्पादन गर्दै आइरहेका छन् । असार १५ मा जुजु धौको माग उच्च हुने गरेकाले कम्तीमा एक लाख लिटर दुध आवश्यक पर्ने भक्तपुर जुजु धौ व्यवसायी संघका अध्यक्ष कृष्णगोपाल सैंजुले बताए ।

जुजु धौ व्यवसायीले पहिले/पहिले भक्तपुरका ग्रामीण भेग र आसपासका काठ क्षेत्रबाट दुध संकलन गरी दही उत्पादन गर्दै आएका थिए । पछिल्लो सयम बढ्दो सहरीकरणले भैंसीपालन व्यवसाय लोप हुँदै गएपछि जुजु धौ व्यवसायीहरूले अहिले धुलिखेल, कुशादेवी, चितवन, नारायणघाट, झापा, बुटवल र नेपालगञ्जसम्म पुगेर दुध संकलन गरी ल्याउने गरेको सैंजुले जानकारी दिए ।

जुजु धौ बनाउन डेरीको सामान्य दही बनाउनेभन्दा धेरै समय, परिश्रम र लगानी आवश्यक पर्छ । जुजु धौ बनाउन दुधलाई बाक्लो हुनेगरी राम्रोसँग चलाउँदै कराइमा उमाल्नु पर्दछ । दुध उमाल्दा एक क्यानबराबर चार केजी चिनी हालेर नडढ्ने गरी चलाउँदै राम्रोसँग उमाल्नुपर्छ । उमाल्न पुगेपछि भुसमाथि राखेको माटोको कटौरामा पहिले कटौराको आधा भाग मात्र दुध राख्नु पर्दछ । उक्त दुध सेलाएर ४० डिग्री तापक्रममा पुगेपछि बाँकी आधा भागमा दुध भरी हालेर धौ पुसा (दहीको बीउ/जोरन) राखिन्छ । त्यसपछि दही जमाएको कटौरामाथि अर्को कटौराले छोपेर त्यसको माथि न्यानो हुनेगरी सिरक र जुटको बोराले छोपेर राख्नुपर्दछ । यसरी छोपेर राखेको पाँच घण्टामा जुजु धौ तयार हुन्छ । त्यसपछि चिसो पार्न फ्रिजमा राखिन्छ ।

परम्परागत शैलीमा दही उत्पादन गरे माग धान्न निकै गाह्रो भएकाले छिटो जमाउनका लागि व्यवसायीहरूले पछिल्लो समय आधुनिक प्रविधि अँगाल्न थालेका छन् । पहिलाजस्तै दाउरा नभएर ग्यासमा दुध उमालेर बट्टा वा कटौरामा राखेपछि ४० डिग्री तापक्रम भएको बेला हट एन्ड कोल्डमा राखेर दही जमाउने गरिएको आरएस जुजु धौ सप्लायर्सका रिना सुवालले बताए ।

जुजु धौको प्रमुख विशेषता चक्कुले टुक्रा-टुक्रा पारेर काट्न मिल्नु हो । माटोको कटौराको दहीलाई घोप्ट्याए पनि नपोखिने यसको अर्को विशेषता हो । यस्तो विशेषता भएको जुजु धौ दही मात्र नभई भक्तपुरको पहिचान बनिसकेको छ । भक्तपुरको दहीले मल्लकालीन समयदेखि जुजु धौ अर्थात् राजा दहीको उपमा पाएको संस्कृतिविद्हरू बताउँछन् । जुजु धौको स्वाद र गुणस्तर नेपालमा मात्र होइन विदेशमा समेत प्रख्यात छ । त्यसैले भक्तपुर आउने आन्तरिक पर्यटक मात्र होइन विदेशी पर्यटकले समेत जुजु धौको स्वाद लिएर मात्र फर्कने गर्दछन् ।

जुजु धौको मौलिकता पहिलो यसको स्वाद हो भने दोस्रो माटोको भ्यगः अर्थात् कटौरो हो । असार १५ मा दही चिउरा खाने परम्परा राष्ट्रिय पर्वको रूपमा विकास भइसकेको छ । संस्कृतिकर्मी ओम धौभडेलका अनुसार असार १५ मा दहीचिउरा खाने चलन लिपिबद्ध गरेको इतिहास नभएको बताए । उनले असारमा माना रोपेर मुरी फलाउने महिना भएकाले यस महिनाको आधासम्ममा रोपाइँ सकिएको सन्देश मुलुकभर फैलाउन दही चिउरा खाने पर्वको रूपमा विकास भएको बताए । अर्को कुरा शरीरको पूरै बल यो रोपाइँको समयमा खर्चिने हुँदा त्यसको परिपूर्तिका लागि पनि दहीचिउरा खाने परम्परा थालेको बताए । रासस

# देशभरका एक सय ४० स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन

काठमाडौं, असार १४ । देशभरका सात सय ५३ स्थानीय तहमध्ये करिब एक सय ४० स्थानीय तह अहिले प्रमुख प्रशासकीय अधिकृतविहीन भएका छन् । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहमा जाने कर्मचारीको चरम अभाव देखिएपछि ती स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन हुन पुगेका छन् ।

प्रमुख प्रशासकीय अधिकृतको अभावमा कतिपय स्थानीय तहले आगामी आर्थिक वर्षको बजेटसमेत ल्याउन सकेका छैनन् । बजेट निर्माण र कार्यान्वयनमा प्रमुख भूमिका रहने प्रमुख प्रशासकीय अधिकृतसहितका जनशक्ति नै पर्याप्त नभएको भन्दै स्थानीय तहले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अतिरिक्त गाउँपालिका महासंघ र नगरपालिका संघमा गुनासो गर्ने गरेको बताइएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार ४४ नगरपालिका र ९६ वटा गाउँपालिकाले बजेट ल्याउँदा निमित्त प्रमुख प्रशासकीय अधिकृत नगर तथा गाउँसभाको सचिव बन्नुपरेको थियो । संघीय तहमा उपसचिव र अधिकृत उपलब्ध नभएका कारण स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउन नसकिएको मन्त्रालयस्थित स्थानीय तह कर्मचारी प्रशासन शाखाका उपसचिव खिलराज राईले जानकारी दिए । उनका अनुसार प्रमुख प्रशासकीय अधिकृत नभएको ठाउँमा मन्त्रालयले कार्यपालिकाको सिफारिसमा त्यहीको ज्येष्ठ कर्मचारीलाई निमित्त तोकिएको र संघमा भएका झन्डै एक सय कर्मचारीलाई स्थानीय तहमा पठाइएको छ ।

स्थानीय तहमा चाहिने प्रमुख प्रशासकीय अधिकृत संघले पठाउने तथा अन्य कर्मचारी भर्ना गर्न प्रदेश सरकारले लोकसेवामार्फत पदपूर्ति गर्नुपर्ने भए पनि त्यो गर्न नसकिएका कारण समस्या भएको उनको भनाइ छ । रासस

Find us on :
facebook/
aarthikdainik

## संघीय....

प्रक्षेपणमा भने वैदेशिक ऋणको अनुपात क्रमशः घट्दै जाने बताइएको छ । अगामी तीन आर्थिक वर्षमा औसत १३ दशमलव आठ प्रतिशत वृद्धिदर हासिल हुनसक्ने अनुमान प्रक्षेपण गरेको आयोगले स्रोत परिचालनतर्फ अर्थतन्त्रको अवस्था तथा खर्च आवश्यकताको आधारमा नेपाल सरकारको वित्तीय अकार (एफएस)लाई समेत मध्यनजर गरी स्रोत अनुमान तथा प्रक्षेपण गरेको जनाएको छ । यद्यपि सरकारले आगामी आर्थिक वर्षको लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँको बजेट पारित गरिसकेको छ । जुन आयोगले गरेको प्रक्षेपणको तुलनामा कम छ ।

मध्यमकालीन स्रोत तथा खर्चको अनुमान गर्दा संघबाट संकलन भएको मूल्य अभिवृद्धि कर, आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क र रोयल्टीतर्फको राजस्व, अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा रहेको प्रावधानबमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने रकम घटाएर मात्र संघको राजस्व अनुमान गरिएको छ । वैदेशिक सहायता अनुमान गर्दा दातृ राष्ट्र वा संस्थासँग भएको सम्झौता वा प्रतिबद्धतालाई आधार लिइएको बताइएको छ भने नेपाल सरकाले लिनसक्ने आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको चार प्रतिशतको सीमा समेत राखिएको छ ।

सार्वजनिक स्रोतमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोत परिचालन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रूपमा रहेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय तहले सार्वजनिक आयव्ययको विवरण प्रस्तुत गर्दा अनिवार्यरूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा आयोगले आवधिक योजनाको आधारमा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकासहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको हुँदा आयोगले मध्यमकालीन खर्च संरचना (एमटीईएफ) कार्यक्रम तय गरिएको आयोगले बताएको छ । मध्यमकालीन खर्च संरचनालाई आवधिक योजना र वार्षिक बजेटबीच तदाम्यता ल्याउने महत्वपूर्ण औजारको रूपमा लिनुको साथै सन् २०२६ मा अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने र सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने र दीर्घकालीन सोचसहितको १५औँ योजनाका लक्ष्य तथा उद्देश्य हासिल गर्न यस खर्च संरचना सहयोगी हुने अपेक्षा अयोगले लिएको छ ।

## एक वर्षमा...

वटा र चार खर्ब ७० अर्ब ७० करोड नौ लाख रूपैयाँ बढी हो । गत आर्थिक वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूले कुल तीन करोड ७९ लाख नौ हजार पाँच सय २८ वटा निक्षेप खातामार्फत ४३ खर्ब ७२ अर्ब १५ करोड ३० लाख रूपैयाँ निक्षेप संकलन गरेका थिए । विकास बैंकहरूले भने चालू आर्थिक वर्षको वैशख मसान्तसम्म ६२ लाख ४१ हजार छ सय ८१ वटा निक्षेप खातामार्फत पाँच खर्ब ४४ अर्ब १६ करोड ८० लाख रूपैयाँ निक्षेप संकलन गरेका छन् । विकास बैंकहरूको यो निक्षेप खाता एवं निक्षेप रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा क्रमशः नौ लाख ७७ हजार ७८ वटा र ६४ अर्ब ७८ करोड ८० लाख रूपैयाँले बढी हो । गत आर्थिक वर्षको सोही अवधिमा विकास बैंकहरूको यस्तो निक्षेप खाता तथा निक्षेप रकम ५२ लाख ६४ हजार छ सय तीनवटा र चार खर्ब ७९ अर्ब ३८ करोड रूपैयाँ थियो ।

राष्ट्र बैंकका अनुसार फाइनान्स कम्पनीहरूले वैशाख मसान्तसम्म कुल सात लाख ६२ हजार एक सय ४१ वटा निक्षेप खातामार्फत कुल एक खर्ब सात अर्ब ८४ करोड ८० लाख रूपैयाँ निक्षेप संकलन गरेका छन् । यो संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा क्रमशः एक लाख ४३ हजार छ सय ९४ वटा र आठ अर्ब ५३ करोड ६० लाख रूपैयाँले बढी हो । गत आर्थिक वर्षको सोही अवधिमा फाइनान्स कम्पनीहरूले छ लाख १८ हजार चार सय ४७ वटा निक्षेप खातामार्फत ९९ अर्ब ३० करोड ८० लाख रूपैयाँ निक्षेप संकलन गरेका थिए ।

## ब्याजदर...

आधारदर १० देखि ११ प्रतिशतको बीचमा छ । जसमा एभरेष्ट बैंक, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, कृषि विकास बैंक, सिद्धार्थ बैंक, एनआईसी एसिया, प्रभु बैंक, ग्लोबल आईएमई, एनएमबी, सानिमा, प्राइम कमर्सियल, हिमालयन, नेपाल एसबीआई, कुमारी, माछापुच्छ्रे, सिटिजन्स र लक्ष्मी बैंक रहेका छन् । सनराइज बैंकको आधारदर सबैभन्दा धेरै ११ दशमलव ३१ प्रतिशत छ । बैंकहरूले आधारदरमा केही प्रतिशत प्रिमियम थप गरेर कर्जा दिने गर्छन् । अहिलेको आधारदर उच्च भएकाले कर्जाको ब्याजदर पनि महँगो बनेको हो । आधारदर घट्दा ब्याजदर पनि घट्दै जान्छ भने आधारदर बढ्दा ब्याजदर पनि बढ्दै जान्छ ।

आधारदर नै उच्च भएपछि ब्याजदर महँगो रहेको र महँगो ब्याजदर तिरेर फाइदा नहुने भएपछि कर्जाको माग निकै कम छ । अर्थशास्त्रीहरूले अहिले पनि उच्च ब्याजदर कायम रहेकोले कर्जा विस्तार बढ्न नसकेको बताउँछन् ।

कर्जाको माग नभएपछि वित्तीय प्रणालीमा तरलता थुप्रिँदा गतसाता अन्तरबैंक ब्याजदर साढे दुई प्रतिशतमा झरेको थियो । राष्ट्र बैंकले दुई पटक गरी रिभर्स रिपो जारी गरी २४ अर्ब रूपैयाँ तानेको छ । त्यसपछि अन्तरबैंक ब्याजदर छ प्रतिशत हाराहारी पुगेको छ । राष्ट्र बैंकले ब्याजदर करिडोरभन्दा तल अन्तरबैंक ब्याजदर नझरोस् भनेर रिभर्स रिपो जारी गरेको हो ।

## वैदेशिक...

सामग्री सहयोग र उद्यमशीलता प्रवर्द्धन जीवनोपयोगी वस्तु सामग्री सहयोग तथा पशुपन्छी बीमा समेतको सुविधा प्रदान गर्ने उनले बताइन् ।

यो कार्यक्रम बागमती प्रदेशका २१ पालिका, मधेस प्रदेशका १६ पालिका, कोशी प्रदेशका १३, गण्डकी प्रदेशका १४, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका १८ पालिकाले बोर्डसँग सम्झौता गरी कार्यक्रम अगाडि बढाइएको निर्देशक भट्टराइले बताइन् । बोर्डले लक्षित सदस्यको संख्या स्थानीय तहअनुसार ६०, ४०, ३० र २० को अनुपातमा राखेको छ । तहअनुसार बजेटको बाँडफाँट सबैभन्दा बढी २५ लाख ८० हजार रूपैयाँ, २४ लाख रूपैयाँ, १७ लाख २० हजार रूपैयाँ र आठ लाख ६० हजार रूपैयाँका दरले गरेको छ । जुन-जुन स्थानीय तहबाट सबैभन्दा बढी संख्यामा वैदेशिक रोजगारीमा जाने गरेका छन् तिनीहरूलाई चयन गरिएको भट्टराईले जानकारी दिइन् । उनले भनिन्, 'यसमा तराई र पहाड अर्थात् मकावनपुर, नुवाकोट, धादिङ, चितवन, पर्सा, धनुषा, बारालगायतका क्षेत्रका स्थानीय तह छनौट गरिएको छ ।'

वैदेशिक रोजगारीबाट फर्किएकाहरूका लागि पालिकास्तरमै उद्यमी बनाउन विभिन्न पालिकासँग लागत साझेदारी गर्दै पुनः एकीकरण कार्यक्रम सुरूआत गरेको बोर्डले जनाएको छ । उक्त कार्यक्रमबाट वैदेशिक रोजगारीबाट फर्किएका युवा लाभान्वित हुने बोर्डको भनाइ छ । पुनः एकीकरण कार्यक्रममा लागि वैदेशिक रोजगार बोर्डले चालू आर्थिक वर्षमा १५ करोड २५ लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो ।

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुनः एकीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ मन्त्रिपरिषद्बाट २०७९ असार २१ गते स्वीकृत गरेको निर्देशिकाको प्रस्तावनामा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पुँजी, सीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकीकरण कार्यक्रम सञ्चालन गर्ने बताइएको छ । यसका साथै सहजीकरण कार्यक्रम, रोजगारीमा आबद्धता गरिने, उद्यमशीलता प्रवर्द्धन हुनेलगायतका कार्यक्रम सञ्चालन गर्ने बताइएको छ । सोहीअनुरूप हाल कार्यक्रमहरु सञ्चालन भएको बताइएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७८/०६/०५ को विशेष साधारणसभाको निर्णय बमोजिम साविकको अर्पना अर्थमुभर्स प्रा.लि.को (प्रा.लि. नं.२२३३६५) नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीको नाम अर्पना अर्थमुभर एण्ड कन्ट्रक्सन प्रा.लि. ले सकार्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८/०६/१२ मा स्वीकृत भए बमोजिम कायम भएको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## गोलिया काठ/ दाउरा विक्री बितरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०३/१५**

यस ढोका बसेरी महिला सावउस हरिहरपुरगढी गापा ५ सिन्धुलीबाट आव ०७९/०८० मा उत्पादन भइ बाल्हविसे चौर हरिहरपुरगढी गापा ५ मा घाटगद्धी गरि राखिएको साल तथा अन्य जातको गोलिया थान १३४ को १२८९.३५० क्यू फिट गोलिया काठ र २.५० चट्टा साल मिश्रित दाउरा विक्री बितरणको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु गरि वन नियमावली २०७९ को नियम १२८ वमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र वोलपत्र खरिद गरि २२ औं दिनको मद्यान्ह १२ बजे भित्र वोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा लगाएत टास गरिएको छ ।

**श्री ढोका बसेरी महिला सावउस हरिहरपुरगढी गापा ५, सिन्धुली**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०३/१५

यस कम्पनीको मिति २०८०/०१/१३ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **सुमित होटल एण्ड क्याफे प्रा.लि.** (प्रा.लि.नं.२६१११९) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/०६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सुमिना होटल एण्ड क्याण्डिक्राफ्ट प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०३/१५

यस प्रा. लि. को मिति २०७९.१०.२९ को बिशेष साधारणसभाको निर्णय बमोजिम साबिक **आयुर्वेदिक मेडिकल इन्स्टिच्यूट प्रा. लि.** मा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदी परिवर्तित नामको **इन्फोटेक इन्स्टिच्यूट अफ टेक्नोलोजी प्रा. लि.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएकोले सम्बन्धित सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

**सूचनाकर्ता: इन्फोटेक इन्स्टिच्यूट अफ टेक्नोलोजी प्रा. लि.**
**जनकपुर उ.म.न.पा. १३, धनुषा ।**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०३/१५

यस कम्पनीको मिति २०८०/०३/०९ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **पज्वल ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.** (**प्रा.लि.नं.**२५५४९२) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०३/१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **रुम्बा एग्रीकल्चर प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०३/१५

यस कम्पनीको मिति २०८०/०१/२१ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **टिम ग्लोबल प्रा.लि.** (**प्रा.लि.नं.**३११९१६) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/२४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **टिम ग्लोबल लजिष्टिक्स प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय**

## सडक डिभिजन जुम्ला

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८०/०३/१५)

यस सडक डिभिजनको सूचना नं.: ९/०७९/८०, मितिः २०८०/०२/०८ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलबमोजिमका ठेक्काको बोलपत्र आह्वानको सूचनाअनुसार रीतपूर्वक पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४को नियम ३१ङ(४) बमोजिम सारभूतरुपमा प्रभावग्राही भएका तपसिलबमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव ऐ. ऐ. नियमावलीको नियम ३१ङ(५) अनुसार मिति २०८०/०३/२२ गते दिनको ११ बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कामको विवरण | प्राविधिक प्रस्ताव मूल्यांकनमा सफल बोलपत्रदाताहरु |
|---|---|---|
| १ | Approach Road Upgrading (Rock Cutting and Structures) work along Karnali River Bridge Left Side Approach Road, Khulalu, Kalikot | **C. No.:- RDJML/337011324/079/80-30(Re)**<br>1. M/S Hari-Sagar-Regmi J.V., Kalikot |
| २ | Roadway Protection works along Karnali Highway Shimle Ghat to Balighat Section (Ch 173+500 km to 185+000 km), Kalikot | **C. No :- RDJML/337310113/079/80-36(Re)**<br>1. M/S Abhiyan Construction Pvt.Ltd., Kathmandu<br>2. M/S Banglamukhi-Smirti-Bageshwori J.V., Kathmandu<br>3. M/S Akela-Uttargaya J.V., Kathmandu<br>4. M/S Osnap-Swopnil J.V., Kathmandu<br>5. M/S Om Buddha-Shivakhimti J.V., Kathmandu |
| ३ | Roadway Protection works along Karnali Highway Nagma to Khalanga Bazzar Section (Ch 205+000 km to 236+000 km), Jumla | **C. No. :- RDJML/337310113/079/80-38(Re)**<br>1. M/S Jagriti Nirman Sewa Pvt.Ltd., Bajhang<br>2. M/S Banglamukhi-Smirti-Bageshwori J.V., Kathmandu<br>3. M/S Akela-Uttargaya J.V., Kathmandu<br>4. M/S Abhiyan Construction Pvt.Ltd., Kathmandu<br>5. M/S Malla Construction & Suppliers, Dailekh<br>6. M/S Y.S.S Nirman Sewa, Surkhet<br>7. M/S Osnap-Swopnil J.V., Kathmandu<br>8. M/S Jashling-Dhoom-Rara Tenjin J.V., Dailekh<br>9. M/S Trishakti-Dawa-ID Construction J.V., Bhaktapur<br>10. M/S Surya-Jethibada J.V., Jumla |

**डिभिजन प्रमुख**

## मोटरसाइकल हरायो

मेरो निम्न लिखित व्यहोराको पल्सर २२०सीसीको रातो/कालो रंगको मोटरसाईकल मिति २०८०/०३/११ राति अन्दाजी ११ बजे वेशीगाउँ गोकर्णेश्वरमा पार्किङ गरी राखेको ठाउँबाट हराएको हुदाँ फेलापार्नुहुने महानुभाबहरूले निम्न ठेगानामा जानकारी गराउन या नजिकको प्रहरीचौकीमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।
**नाम : श्री हुलास सर्भ लिमिटेड**
**(तुलादेव बोम्जन)**
**ठेगाना : इन्द्रावति ०१ सिन्धुपाल्चोक**
**मो.नं. : बा.प्र. ०२०३५ प ८००७**
**इन्जिन नं. : DKXCMJ 35068**
**च्यासिस नं. : MD2A13EXONCK80799**
**सम्पर्क : ९८६०८१४६९२**